जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्ना छन् भक्तवत्सल महेश्वर । म जन्मिए झुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि


बर्ष १३ • अंक २६ • २०८२ मंसिर २ गते मंगलवार • 18 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# मधेश प्रदेशमा तमासा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १ मंसिर

अनुमान थियो जेनजी आन्दोलनबाट अपमानजनक ढंगले सत्ताबाट लखेटिएपछि नेकपा (एमाले) को बुद्धिको बिर्को खुल्यो होला । पार्टी र आफ्नो नेतृत्वको सरकारले के गल्ती गऱ्यो र देशको नवयुवा पुस्ता यसरी आक्रोशित र बिस्फोट भयो भन्ने प्रश्नमा घोत्लियो होला । केही न केही त आत्मसमीक्षा, गल्तीबोध, अपराध अनुभूति र पश्चातापको भावना पार्टीपंक्तिमा पलायो होला । अध्यक्ष केपी शर्मा ओलीले बालुवाटारबाट हेलिकोप्टर चढेर भाग्नुपरेको मूल्यबोध गरे होलान् । सैनिक ब्यारेकको गुप्तबासमा शान्त आत्मचिन्तन गरे होलान् । कहाँ के बिग्रियो, के भूल चुक भयो र यस्तो अवस्था आयो भनेर निधार खुम्च्याएर अलिकति सोचे होलान् । मान्छे नै त हो, ठेस लागेपछि चेत्छ । यसपटक ठूला-पुराना दललाई राम्रै ठेस लाग्यो, पक्कै चेते होलान् । बालुवाटारबाट उद्धार गर्नु परेका ओली जब भक्तपुरको गुण्डुमा देखा परेर बोल्न थाले, यस्ता सबै अपेक्षा गलत सावित भए । ओली त अझै उस्तै रहेछन् । न बोलीमा विनम्रता, न अहंकारमा कमी । न देश खरानी भएको पीडा र पश्चाताप न पार्टी बदनाम र बर्बाद भएको अनुभूति । न देशको लोकतान्त्रिक प्रक्रिया अवरुद्ध भएको चिन्ता र भविष्यको कुनै ठोस मार्गदर्शन । उस्तै एमाले, उस्तै ओली । मानौं कि उनको शासनकालमा केही भएकै होइन । मानौं कि दुई दिनमै ७६ जनाको बलिदान र २५०० बढी घाइते हुनु कुनै ठूलो कुरो थिएन । मानौं कि देशको इतिहासकै सबैभन्दा भयंकर र भीषण नवयुवा विद्रोहको सम्बोधन गर्न योग्य कुनै कारण, माग, मुद्दा र सवाल नै थिएन । मानौं कि सबै उसरी नै चलिरहेको छ, जसरी भदौ २२ गतेसम्म थियो र अब अगाडि पनि यसरी नै चल्नेवाला छ ।



जेनजी आन्दोलनपछि एमालेले केन्द्रीय समिति बैठकको आयोजना त गऱ्यो तर आफ्नो शासनकालको कुन गल्ती, पार्टी सञ्चालनको कुन तरिका र शैलीले देशमा यति ठूलो वितृष्णा, असन्तुष्टि र विद्रोह निम्त्यायो भन्ने कुनै आत्मचिन्तन र समीक्षा गरेन । कुनै बुझाइ बनाएन, निष्कर्ष निकालेन । मधेशको तमासा हेर्दा लाग्छ- एमाले उल्टै लोकतन्त्रमाथि प्रतिशोध साँध्न उदत्त छ । एमालेका यावत इन्द्रीय, तन्तु र ज्ञान विधि, पद्धति र प्रक्रियालाई सबैतिरबाट समाप्त पार्न लक्षित छन् । कतै यस्तो त होइन- ओली नेतृत्वकालमा एमाले लोकतन्त्रको मर्म र संसदीय प्रणालीको मर्यादामाथि एकपछि अर्को प्रहार गर्न पाउँदा खुसीले गदगद् हुन्छ । नेकपाकालीन दुईपटकको असंवैधानिक संसद् विघटनदेखि न्भलश आन्दोलनपश्चात्का एमाले व्यवहारले त्यही पुष्टि हुन्छ । त्यसको अर्को एक शृंखला हो- मधेशको मुख्यमन्त्री नियुक्त प्रकरण । मधेश प्रदेश सभामा एमाले क्रियाकलाप । कात्तिक २४ गते बिहान बर्दिबासको पानस होटलमा संविधानको धारा १६८ को उपधारा ३ बमोजिम एमालेबाट सिफारिस भई नियुक्त प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशसभामा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरिन् । जबकि संविधानको धारा १६८ उपधारा २ बमोजिम गठबन्धन सरकार गठन हुने संभावना रहेसम्म उपधारा ३ क्रियाशील हुन सक्दैन । संसदीय प्रक्रियाभित्रबाट अर्को गठबन्धन सरकार बन्ने अवसर रहुञ्जेल सबैभन्दा ठूलो दलको हैसियतमा कुनै दलले सरकारको अवसरको नेतृत्व गर्न पाउँदैन । यही नै संविधानको मर्म, प्रावधान र सर्वोच्च अदालतको व्याख्या हो । साथै, वर्तमान संविधानलाई संसारकै उत्कृष्ट संविधान बनाएको दाबी ठोक्दै आएको दल पनि एमाले नै हो । स्मरणीय कुरा के छ भने, ओली प्रधानमन्त्री हुँदा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको नेताको हैसियतमा प्रधानमन्त्री बनेका थिएनन् । उनी गठबन्धनको बहुमतका आधारमा प्रधानमन्त्री बनेका थिए । मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने १० दल मध्ये ७ दलले नयाँ गठबन्धन बनाएर सरकार दाबी गर्ने सहमति गरेका थिए । तर, प्रदेश प्रमुख भण्डारीले उपधारा २ बमोजिमको नयाँ सरकार गठनका लागि आह्वान नै गरिनन् । अझ अनौठो कुरा- विश्वासको मत लिन चाहेका जितेन्द्र सोनाललाई प्रस्ताव सामना गर्ने अवसर नै नदिइकन समय घर्काइएको थियो । मधेश प्रदेशसभामा मुख्यमन्त्री जितेन्द्र सोनालको सरकारले बहुमत हासिल गर्न नसक्नुको अर्थ गठबन्धन सरकारको संभावना अन्त्य भएको मान्न सक्दैनथ्यो । त्यतिखेर प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको कर्तव्य हुन्थ्यो कि उनले अर्को गठबन्धन सरकारको अवसरका लागि समय निर्धारण गरी आह्वान गर्नुपर्दथ्यो ।

## पाँच सांसदलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

जलेश्वरटुडे समाचारदाता
धनुषा, १ मंसिर



सर्वोच्च अदालतले मधेश प्रदेशका पाँच सांसदलाई सभामुखले गरेको पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश जारी गरेको छ । न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले सोमबार अल्पकालीन अन्तरिम आदेश जारी गर्दै उनीहरूको पदावस्था यथास्थितिमा राख्न निर्देश दिएको हो ।

सभामुख रामचन्द्र मण्डलले पदमुक्त गरेका प्रदेशसभा सदस्य– उर्मिलादेवी सिंह (नागरिक उन्मुक्ति पार्टी), मनिषकुमार सुमन ( जसपा), संजयकुमार यादव (जसपा), सिंहासन साह कलवार (जसपा) र शारदाशंकरप्रसाद कलवार (जसपा)–ले उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सोमबार रिटको प्रारम्भिक सुनुवाइ गर्दै अदालतले अल्पकालीन अन्तरिम आदेशसँगै कारण देखाऊ आदेश ( show cause order) जारी गरेको छ र अन्तरिम आदेशबारे थप छलफलका लागि सम्बन्धित पक्षहरूलाई उपस्थित हुन पनि बोलाएको छ । यसअघि गत बिहीबार सभामुख मण्डलमाथि पदअनुकूल आचरण नगरेको आरोपसहित प्रस्ताव दर्ता भएको थियो । एमाले बाहेक अन्य दलहरूले सभामुखलाई पदमुक्त गराउने प्रस्ताव अघि सारेपछि, त्यसको प्रत्युत्तरस्वरूप सभामुख मण्डलले पाँच जना सांसदलाई पदमुक्त गरेको विवाद उत्पन्न भएको थियो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
Super 81 Scholarship Scheme
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer



33 Years of Academic Excellence

**अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं ।**

अपाङ्गता भएका व्यक्तिलाईः
- शिक्षा, रोजगारी लगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरु पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं,
समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महोत्तरीमा दुई दिने स्वास्थ्य समीक्षा गोष्ठी सम्पन्न

आरजे इर्शाद शेख
महोत्तरी, १ मंसिर



स्वास्थ्य कार्यालय महोत्तरी, जलेश्वर द्वारा आयोजना गरिएको दुई दिने जिल्ला स्तरीय वार्षिक समीक्षा गोष्ठी सोमबार जलेश्वरस्थित आर.एस. थकाली होटलमा सुरु भएर सफलतापूर्वक सम्पन्न भएको छ । गोष्ठीको उद्घाटन सत्र स्वास्थ्य कार्यालय महोत्तरीका कार्यालय प्रमुख नवल किशोर साहको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ का जिल्लाभर सञ्चालन भएका स्वास्थ्य कार्यक्रमहरूको समग्र प्रगति, हासिल उपलब्धि, चुनौती तथा आगामी वर्षका प्राथमिकता योजनाबारे विस्तृत समीक्षा तथा छलफल गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको आधार मा १५ वटै पालिकाको कार्यसम्पादनको तुलनात्मक मूल्यांकन गरिएको गोष्ठीमा औरही पहिलो, मठिहानी दोस्रो र मनराशिश्वा तेस्रो स्थानमा परेका छन्।यही आधारमा

बाँकी पृष्ठ ४ मा




# नवनियुक्त प्रदेश प्रमुखको दायित्व

मधेस प्रदेश राजनीतिक कलहमा फसेको बखतमा नवनियुक्त मधेसकै धर्तिपुत्र मधेस प्रदेश प्रमुख डा.प्रा.सुरेन्द्र लाभको आगमनले समग्र मधेस प्रदेश नव आशा तथा उर्जाका साथ तरंगीत भएको छ। प्रदेश प्रमुख लाभको विद्वताको जति नै तारिफ गरे पनि कमै होला जस्तो मलाई लाग्दछ। अहिले मधेस प्रदेशमा काँग्रेस सहितको सात पार्टी र एमाले पार्टीका वीचमा द्वन्द्व सृजना भएको छ । यसको प्रमुख कारणको रुपमा लोसपाबाट जितेन्द्र प्रसाद सोनार (सोनल) ले सदनमा मुख्यमन्त्री पदको लागि विश्वासको मत प्राप्त गर्न नसक्नु,सदनमै आफ्नो राजिनामा सार्वजनिकिकरण गर्नु तथा निवर्तमान प्रदेश प्रमुख सुमित्रा कार्कीले एमालेबाट सरोज कुमार यादवलाई बर्दिबासको होटलमै नव मुख्यमन्त्रीको रुपमा घोषणा सँगै सपथ समेत खुवाएको घटनाक्रम रहेको छ। पक्ष तथा विपक्षको तर्क जे भए पनि अहिले अदालतमा मुद्दा विचाराधिन रहेको छ। यस शुन्य समयमा अदालतको निर्णय जस्तोसुकै आए पनि नव प्रदेश प्रमुख लाभले दुबै पक्ष वीच संबाद तथा वार्ताको माध्यमले वीनवीनको सिद्धान्त बमोजिम अहिलेको राजनैतिक समस्याको समाधान गरिएमा लाभको विद्वताको अझै प्रशंसा बढनुका साथै संघियता समेत खतरामुक्त हुने देखिन्छ।

# गाउँ ब्लक जग्गा सहमति कार्यान्वयनको माँग गर्दै संघर्ष समितिद्वारा धर्ना

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १ मंसिर**

लहानस्थित मालपोत कार्यालयको मुख्य प्रवेशद्वारमा गाउँ ब्लक संघर्ष समिति लहानले गाउँ ब्लक जग्गा सहमति कार्यान्वयनको मांग गर्दै धर्नामा बसेको छ ।

लहान नगरपालिमा झण्डै सात हजारको हाराहारीमा गाउँ ब्लक जग्गा फुकुवा कार्यान्वयन नहुँदा समस्यामा परेका स्थानीयहरु संघर्ष समिति गठन गरी आन्दोलन गर्दै आइरहेका छन् । जग्गा फुकुवा कार्यान्वयन प्रक्रिया अघि नबढ्दा बैंकबाट वित्तीय कारोबार जग्गा बिक्री वितरण लगायतका कार्यहरु ठप्प भएको लहान ९ का नेपाली साहले जानकारी दिनुभयो।



उहाँले यस समस्यालाई समाधान गर्न लहान नगरपालिका ६का पूर्व वडाध्यक्ष अरुण केसीको संयोजकत्वमा संघर्ष समिति गठन गरेर संघर्ष गर्दै आइरहेको बताउनुभयो । मालपोत कार्यालय लहानका प्रमुख डमरुप्रसाद निरौला नियमित कार्यालयमा नबस्ने संघर्ष समितिसँग विगतमा भएको सहमति अनुसार जग्गाअध्यावधि गर्न कर्मचारीको अभाव देखाएपछि लहान नगरपालिकाले कम्प्युटर र दुईजना कर्मचारी समेत व्यवस्थापन गरिदिए पनि आलटाल गरिरहेकको संघर्ष समितिका संयोजक अरुण केसीले बताउनुभयो। उहाँको अनुसार कात्तिक ३० गते धर्ना कार्यक्रम, मङ्सिर १ गते रिले अनसन र २ गतेदेखि आमरण अनसनमा बस्ने कार्यक्रम रहेको छ।

गाउँ ब्लक जग्गा फुकुवा कार्यान्वयनका लागि मन्त्री परिषद् स्तरीय निर्णय समेत भइसकेकाले यसको कार्यान्वयनको मालपोत कार्यालय लहानका प्रमुख निरौलाले किन आलटाल गरिरहेको बुझ्न नसकेर दबाब दिन आन्दोलन गर्नु परेको लहान वडा नम्बर ५ का नेपाली कांगेसका नेता राम सुन्दर चौधरीले बताउनुभयो।

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**बीउ बिजन प्रयोगशाला**
**जलेश्वर, महोत्तरी**

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८२।०८।०२ गते)

यस कार्यालयको चालू आ.व. २०८२।८३ को स्वीकृत बार्षिक कार्यक्रम कृषि विभाग (संघ शसर्त अनुदान) अन्तर्गत DESES कार्यान्वयन (उन्नत बीउको खेत निरीक्षण, बीउ विश्लेषण तथा लट प्रमाणीकरणका) लागि बीउ बिजन प्रयोगशालामा प्राविधिक करार सहयोग कार्यक्रममा तपसिल बमोजिमको पदमा कर्मचारी भर्ना गर्नु पर्ने हुँदा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा न्यूनतम प्रविणता तह उतिर्ण भएको इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२/०८/०८ गते) भित्र तोकिएको शुल्क तिरेको सक्कल रसिद सहित कार्यालयमा दरखास्त पेश गर्नु हुन अनुरोध छ ।

| क्र.स. | पद | माग सङ्ख्या | दरखास्त दस्तुर |
|---|---|---|---|
| १. | प्रा.स. पाचौं तह | २ (दुई) जना | रु. ७०० |

उमेर हद : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
करार अवधि : आ. व. २०८२।८३ को असार मसान्तसम्म ।
आवेदन दस्तुर : यस कार्यालयको कार्यालय कोड ३१२०११८०१२, राजश्व शिर्षक न. १४२२९, राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता न. १०००१००२०००१०००० मा राजश्व जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरु**

- आवेदन दरखास्त
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- बायोडाटा
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- कार्य अनुभव सम्बन्धी कागजात

कार्यालय प्रमुख

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: पिछडेको साथी मिल्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अनावश्यक चिन्ता
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक खर्चको संभावना
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# शेख हसिनालाई मृत्युदण्डको सजाय

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ मंसिर



बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाइएको छ। बंगलादेशी अदालतले 'मानवता विरुद्धको अपराध' को आरोपमा अपदस्थ हसिनालाई मृत्युदण्डको सजाय सुनाएको हो।

हसिनासँगै बंगलादेशका पूर्वगृहमन्त्री असदुज्जमां खान कमाललाई पनि मृत्युदण्डको सजाय सुनाइएको छ । त्यस्तै पूर्वप्रहरी महानिरीक्षक चौधरी अब्दुल्लाह अल ममुनलाई पाँच वर्ष कैद सजाय सुनाइएको छ। अदालतले हसिना र पूर्वगृहमन्त्री कमालको सबै सम्पत्ति जफत गर्न पनि आदेश दिएको छ। अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणको तीन सदस्यीय इजलासले सोमबार हसिनाविरुद्ध यस्तो आदेश सुनाएको हो। भारतमा निर्वासनमा रहेकै बेला हसिनाको उपस्थिति बिनै अदालतले मुद्दा चलाएको हो। गत वर्ष जुलाई-अगस्टमा भएको आल्दोलन दबाउन उनले मानवता विरुद्धको अपराध गरेको भन्दै त्यहाँको अदालतले मृत्युदण्डको सजाय सुनाएको हो।

सजाय सुनाउने न्यायाधीकरण हसिनाले नै स्थापना गरेको: हसिनालाई मृत्युदण्डको सजाय सुनाउने अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणको स्थापना उनले २०१० मा गरेकी थिइन्।

# 'झरिपछिको इन्द्रेणी'को गीत 'फसायो लमीले' सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ मंसिर




फिल्म 'झरिपछिको इन्द्रेणी'को 'फसायो लमीले' बोलको गीत सार्वजनिक गरिएको छ। अर्जुन घिमिरे पाँडे निर्देशित फिल्मको गीतमा रमेश उप्रेती, दिपाश्री निरौला, अञ्जली अधिकारी र प्रदीप लामासहितका कलाकार रहेका छन्।

अधिकारी र लामाको गीतमा अतिथी भूमिकामा रहेका छन् । समीक्षा अधिकारी र वसन्त थापाको युगल स्वर रहेको गीतको शब्द, सङ्गीत संयोजन रमेश परियारले गरेका छन् । मौसम हिमालीको नृत्य निर्देशन रहेको फिल्मको छायांकार बुद्ध थापा हुन्। अनिशा सेन्दाङ लिम्बु निर्मात्री, अनु थापा, पंकज खड्का,राम कार्की र सुबास शर्मा को सह-निर्माता तथा लाइन प्रोड्युसरमा योगेश खतिवडा र विनोद कँडेल रहेको फिल्मलाई नागराज इन्टरटेन्मेन्ट प्रालिले निर्माण गरेको हो। गणेश उप्रेतीसहित रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, अर्जुन घिमिरे, प्रियना आचार्य, अंशु महर्जन, राजेन्द्र नेपाली, लक्षणा राईलगायतको अभिनय छ । यही फिल्मबाट कलाकार विमोचन दवाडी र जेसिका पोखरेलले डेब्यू गर्दै छन्।

बाल कलाकारमा दिप्सन चिलवालको पनि अभिनय छ । निर्देशक घिमिरेको कथा पटकथा र संवादमा गणेश कार्की, विशाल घिमिरेको पनि योगदान रहेको निर्माण पक्षले जनाएको छ।

# विदेशी विनिमय दर: अमेरिकी डलर स्थिर,अन्यको यस्तो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ मंसिर




नेपाल राष्ट्र बैंकले आजका लागि अमेरिकी डलर एकको खरिददर रु १४१ रुपैयाँ ७० पैसा र बिक्रीदर रु १४२ रुपैयाँ ३० पैसा तोकेको छ। हिजो (कात्तिक ३० गते) पनि अमेरिकी डलर एकको खरिददर रु १४१ रुपैयाँ ७० पैसा र बिक्रीदर रु १४२ रुपैयाँ ३० पैसा थियो।

युरोपियन युरो एकको खरिददर १६४ रुपैयाँ ६७ पैसा र बिक्रीदर १६५ रुपैयाँ ३७ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८६ रुपैयाँ ६५ पैसा र बिक्रीदर १८७ रुपैयाँ ४४ पैसा, स्वीस फ्याङ्क एकको खरिददर १७८ रुपैयाँ ४७ पैसा र बिक्रीदर १७९ रुपैयाँ २३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ ६३ पैसा र बिक्रीदर ९३ रुपैयाँ ०२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ०४ पैसा र बिक्रीदर १०१ रुपैयाँ ४७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ १४ पैसा र बिक्रीदर १०९ रुपैयाँ ६० पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ १७ पैसा र बिक्रीदर नौ रुपैयाँ २१ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९६ पैसा र बिक्रीदर २० रुपैयाँ ०४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९४ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०४ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ३७ पैसा र बिक्रीदर चार रुपैयाँ ३९ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ५८ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३४ रुपैयाँ २९ पैसा र बिक्रीदर ३४ रुपैयाँ ४३ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७८ पैसा र बिक्रीदर नौ रुपैयाँ ८२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ र बिक्रीदर १५ रुपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ०५ पैसा र बिक्रीदर २२ रुपैयाँ १५ पैसा तोकिएको छ।

# आजदेखि एनपिएल : पहिलो खेलमा जनकपुर र काठमाडौं भिड्दै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ मंसिर



दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) आज सुरु हुँदैछ। उद्घाटन खेलमा साबिक विजेता जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजले प्रतिस्पर्धा गर्दैछन् । यो खेल आज दिउँसो ४ बजे सुरु हुनेछ।

एनपिएल दोस्रो सिजनका सबै खेल कीर्तिपुरस्थित त्रिवि मैदानमा दिउँसो र राति गरेर हुनेछन्। नेपाल क्रिकेट सङ्घ (क्यान)ले यस पटक दैनिक नौ हजार चार सय ५० टिकट बिक्री गर्ने जनाएको छ। पहिलो दिनको खेलको टिकट तीन दिन अगाडि नै बिक्री भइसकेको छ। क्यानका सचिव पारस खड्काले थप दर्शकलाई घरमै बसेर हेर्न अनुरोध गरेका छन् । एनपिएल मङ्सिर १ देखि २७ गतेसम्म सञ्चालन हुने छ । एनपिएलमा लिग चरण, तीन वटा प्लेअफ र फाइनलसहित ३२ खेल हुँदै छन् । उद्घाटनसँगै शनिबारका लागि टिकट मूल्य साधारणतर्फ पाँच सय र प्रिमियमतर्फ १५ सय रुपियाँ राखिएको छ। यसैगरी लिग चरण र अन्य दिनको खेलका लागि टिकटको मूल्य पाँच सय र एक हजार तोकिएको छ । प्लेअफपछिका खेलका लागि जनरलतर्फ एक हजार र प्रिमियरतर्फ दुई हजार रुपियाँ राखिएको छ। क्यानले सिजनल टिकटको एकमुस्ट मूल्य १५ हजार रुपियाँ तय गरेको छ । एनपिएलमा साविक विजेता जनकपुरसँगै साविक उपविजेता सुदूरपश्चिम रोयल्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स, विराटनगर किंग्स, चितवन राइनोज, काठमाण्डु गुर्खाज र लुम्बिनी लायन्स गरेर आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगितामा दोस्रो दिन मंगलबार चितवन राइनोज र कर्णाली याक्सले पहिलो प्रतिस्पर्धा गर्नेछन् भने दोस्रो खेलमा विराटनगर किंग्स र पोखरा एभेन्जर्स भिड्नेछन्।



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# अब सधैंलाई राष्ट्रिय परिचयपत्रबाट मतदाता नामावली

-पढाइका कारण मुलुकबाहिर रहेको मेरो घरको वयस्क जेन-जी आफ्नो अनुपस्थितिमा मतदाता नामावलीमा नाम चढाउन नपाएकामा जति खिन्न थियो, सरकारले राष्ट्रिय परिचयपत्रका लागि दिएको बायोमेट्रिक्स तथ्यांकलाई नै प्रयोग गर्न सकिने निर्णय कार्यान्वयनमा ल्याएसँगै पुनः उत्साहित भएको छ। पोहोर मात्रै राष्ट्रिय परिचयपत्रका लागि बायोमेट्रिक्स दिएको उसले पाँचै मिनेटमा आफूलाई मतदाता नामावलीमा दर्ता गर्न सफल भयो। निर्वाचनमा अब उसले सोझै मतदान गर्न सक्नेछ। २६ कात्तिकको सरकारको सराहनीय निर्णयपछि अब सम्भाव्य मतदाताको ठूलो तप्का मतदानबाट वञ्चित हुने छैन।

यो निर्णय कार्यान्वयनमा आएसँगै अब प्रश्न उठ्छ- निर्वाचन आयोगको यो स्थायी निर्णय हो ? आयोगले मतदाता नामावलीका लागि पृथक् तथ्यांक (डेटाबेस) राख्नुपर्ने कि नपर्ने ? राष्ट्रिय परिचयपत्र नै अनिवार्य भइसक्दा त्यही केन्द्रीय तथ्यांक निर्वाचन आयोगले पनि पूर्ण रूपमा उपयोग गर्न मिल्ने कि नमिल्ने ? एउटै डेटाबेस प्रयोग हुने गरी एकीकृत प्रणालीमा गए स्रोतसाधनको बचत र सदुपयोग हुने हो कि होइन ? र, यसले आमनागरिकको मतदान अधिकार अझै सुनिश्चित गर्छ कि गर्दैन ? नेपालको वर्तमान संविधानको धारा- २४६ ले विभिन्न निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने काम निर्वाचन आयोगलाई सुम्पिएको छ।

यसै व्यवस्थाअन्तर्गत आयोगले मूल रूपमा निर्वाचन अयोग ऐन- २०७३, मतदाता नामावली ऐन- २०७३ र मतदाता नामावलीसम्बन्धी नियमावली-२०६८ को व्यवस्था अनुसार प्रत्यक्ष निर्वाचन हुने संघीय र प्रदेश संसद् तथा स्थानीय निकायलगायतको निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य गर्ने गर्छ। त्यस्तै संविधानको धारा ८४(५) ले अठार वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको छ। यो नियमन गर्ने विभिन्न संघीय कानुनमध्ये मतदाता नामावली ऐन- २०७३ को दफा ६ अनुसार, कुनै व्यक्ति मतदाता हुन अठार वर्ष उमेर पुगेको, कुनै निर्वाचन क्षेत्रभित्रको वडामा स्थायी बसोबास भएको र नेपाली नागरिक भएको हुनुपर्ने तीनै सर्त पूरा गर्दा पनि उक्त व्यक्ति स्वतः मतदाता हुन पाउँदैन बरु झन्झटिलो प्रक्रिया पूरा गरी मतदाता नामावलीमा नाम दर्ता भएको हुनुपर्छ। यसै कारण फागुनमा हुने चुनावका लागि नयाँ मतदाता दर्ता हुने संख्या अपेक्षाकृत न्यून हुन पुगेको थियो। यसै विषय मनन् गर्दै प्रधानमन्त्री सुशीला कार्कीले पहल गरी निर्देशन नदिएको भए यो कार्यान्वयनमा आउँथ्यो वा आउँदैनथ्यो ? यसै भन्न सकिन्न किनकि ठूलो स्रोत र साधन खर्च गरी सञ्चालनमा ल्याइएको राष्ट्रिय परिचयपत्रको तथ्यांक (डाटाबेस) लाई आयोगले प्रयोग गर्न सक्ने सम्बन्धमा आयोगलगायत सरोकारवाला निकायले कुनै योजनासम्म बनाएको देखिन्न।

अझै विद्यमान कानुनमा संशोधन नगरी यो कार्यान्वयनमा ल्याइएकाले यसको स्थायित्वमा भने प्रश्न उठ्ने ठाउँ छ। मतदाता नामावलीको स्रोतः मतदाता नामावलीको स्रोत निर्वाचन आयोगले व्यवस्थापन गर्ने 'बायोमेट्रिक्समा आधारित मतदाता नामावली प्रणाली' (डेटाबेस) हो। हरेक मतदाताको बायोमेट्रिक्स अर्थात् औंलाका छाप र फोटोसहितको विवरण यसमा रेकर्ड गरिन्छ। मतदाता नामावलीको आवेदनसँगै नागरिकता पेस गर्नु अनिवार्य हुँदा पनि आयोगको रेकर्ड र जारी गरिएका मतदाता परिचयपत्रमा बग्रेल्ती गल्ती भेटिन्छन्। त्रुटि भेटिएकै कारण मात्रै मतदान गर्न कसैलाई वञ्चित गर्ने नगरिएको हुनाले यस्ता गल्तीलाई मतदाताले मात्रै नभई आयोगकै कर्मचारी स्वयंले पनि बेवास्ता गरेको पाइन्छ। आयोगको बायोमेट्रिक्स डाटाबेस अत्यन्तै कमजोर रहेको तथ्यलाई आयोग आफैंले पछिल्लो (अठारौं) वार्षिक प्रतिवेदन (२०८१) मा बुँदागत रूपमा प्रस्तुत गरी स्विकारेको छ।

आफैंद्वारा सञ्चालित सफ्टवेयरहरूबीच अन्तरआबद्धता नभएको, केन्द्रीय सर्भरमा हातैले तथ्यांक प्रविष्ट गर्दा छुट्न सक्ने सम्भावना रहेको, तथ्यांकको सुरक्षा भरपर्दो र मजबुत नरहेको, मतदाता नामावली संकलन अद्यावधिक तथा भण्डारणको कार्यमा नवीनतम प्रविधिको प्रयोग गर्न नसकिएको, एउटै मतदाताको एकभन्दा बढी जिल्लाबाट तथ्यांक प्रविष्ट हुन सक्ने तथा संकलित औंठाछापको गुणस्तरसमेत न्यून रहने गरेकाले मतदाताहरूको विवरण दोहोरिने समस्या रहेको, संकलित फोटोको गुणस्तर र चारवटा औंठाछाप विवरणको गुणस्तर न्यून रहेकाले त्यसलाई पत्ता लगाई मतदाता नामावलीको दोहोरोपना हटाउने समस्या कमजोरीका केही उदाहरण हुन्। यसरी आयोगको प्राविधिक प्रणाली नाममात्रैको रहेकामा दुईमत छैन किनभने एक व्यक्तिको विवरण त्यो प्रणालीमा दोहोरिन नदिने बायोमेट्रिक्स संकलनको प्रमुख उद्देश्य नै उपेक्षित छ। र, मतदाताले चाहने हो भने दुई ठाउँबाटै मतदान गर्न सक्ने अवस्था छ किनकि मतदान समयमा बायोमेट्रिक्स प्रयोग गरी रुजु गरिँदैन र त्यसो गर्ने सामर्थ्य पनि छैन। औचित्यहीन मतदाता परिचयपत्रः मतदाता नामावली ऐनले 'आयोगले मतदातालाई मतदाता परिचयपत्र उपलब्ध गराउनेछ' भन्नेसम्मको व्यवस्था गरी यसलाई अनिवार्य गराएको छैन।

साभार : कान्तिपुर।



## महोत्तरीमा दुई दिने स्वास्थ्य...................

जिल्लाको स्वास्थ्य सेवा सुधारका आवश्यक पक्ष, कार्यक्रमको प्रभावकारिता तथा सेवा विस्तारका उपायबारे विषयगत प्रस्तुति, समूह छलफल र सुझाव सत्रहरू सञ्चालन भए। सहभागीहरूले जिल्लाभरका स्वास्थ्य सेवा कार्यक्रमहरूको प्रभावकारिता, सेवा पहुँच, उपलब्ध स्रोत-साधनको उपयोग, कार्यान्वयनका चुनौती तथा सुधारका सम्भावनाबारे विस्तृत रूपमा प्रस्तुत गरेका थिए।

गोष्ठीले समन्वय सुदृढीकरण, प्रणालीगत सुधार, गुणस्तरीय सेवा विस्तार र आगामी नीतिगत दिशानिर्देशन तय गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

उद्घाटन सत्रमा स्वास्थ्य निर्देशनालयका प्रमुख सरोज चन्द्र न्यौपाने, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादव, रामप्रसाद लामिछाने, गणपति श्री गोरखनाथ, सशस्त्र प्रहरी उपरीक्षक शेरबहादुर अधिकारी, स्वास्थ्य कार्यालयकी फोकल पर्सन प्रतिभा सिंह लगायत जिल्लास्थित सबै पालिकाका स्वास्थ्य शाखा प्रमुख तथा प्रतिनिधिहरूको सक्रिय उपस्थिति रहेको थियो।

दुई दिनसम्म चलेको गोष्ठीमार्फत महोत्तरी जिल्लाको स्वास्थ्य क्षेत्रका प्राथमिकता, आगामी वर्षका योजना र कार्यसूचीलाई थप प्रभावकारी, दिगो र व्यवस्थित बनाउने आधार तयार भएको स्वास्थ्य कार्यालयले जनाएको छ।




अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश







अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday